महालक्ष्मी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

जितपुर, धनकुटा

कोशी प्रदेश नेपाल

## विद्यालय शिक्षा क्षेत्रविकास कार्यक्रमका क्रियाकलापहरुका लागि माग पेस गर्ने सम्वन्धी सूचना

प्रथम पटक सूचना प्राकाशन मितिः- २०८०।०८।११

प्रस्तुत विषयमा यस नगरपालिकाको नगर शिक्षा समितिको मिति २०८०।०८।१० गतेको वैठकको निर्णय अनुसार यस नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को वार्षिक स्वीकृत विद्यालय शिक्षा क्षेत्र विकास कार्यक्रम अन्तर्गत सामुदायीक विद्यालयहरुमा तपसिलका क्रियाकलापहरु सञ्चालन गर्नका लागी विद्यालय छनौट गर्नु पर्ने भएकोले २०८०।०८।३० गते कार्यालय समय भित्र यस कार्यालयको शिक्षा शाखामा आइपुग्ने गरी माग पेस गर्नुहुन सम्वन्धि सामुदायीक विद्यालयहरुको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः-

| क्र. स. | क्रियाकलापहरु | कोटा | संलग्न गर्नु पर्ने कागजातहरु | रकम रु. |
|---|---|---|---|---|
| १. | शिक्षण सिकाईमा सूचना प्रविधि (ICT) को प्रयोग | ४ | अनुदान रकम मागका लागि विद्यालयको पत्र<br>अनुदान रकम मागका लागी यस अघि जिल्ला समन्वय इकाइ धनकुटाले प्रदेश सरकार वा अन्य सरकारी तथा गैर सरकारी निकायवाट हाल माग गरेको प्रकृतिको कार्यक्रम प्राप्त नगरेको व्यहोरा खुलेको पत्र<br>**ICT**, विज्ञान प्रयोगशाला जुन कार्यका लागी अनुदान माग गर्ने हो त्यसको स्थापनाका लागी आवश्यक कक्षा कोठा भई उक्त कक्षाकोठामा सम्वन्धित कार्यक्रम स्थापनाका लागी नमुना विद्यालय संचालन निर्देशिका २०७४ को सम्वन्धित खण्ड र अनुसुची भएको आधार तथा स्पेसिफिकेसनको परिधिभित्र रहेर सार्वजनिक खरिद ऐन नियमावली तथा विद्यालय खरीद दिग्दर्शन अनसारका प्रक्रियाहरु पुरा गरि सामाग्री खरीद तथा व्यावस्थापन गर्ने कार्ययोजना सहित उल्लेख गरेर तयर पारेको प्रस्तावना पत्र । | प्रति कोटा रु.६,५००००।- |
| २. | माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | ३ | | प्रति कोटा रु.६,५००००।- |

बोधार्थः-

श्री सूचना प्रविधि शाखाः पत्र पालिकाको web site मा अपलोड गरिदिनुहुन ।

...............................................

निलकण्ठ विश्वकर्मा

प्रमुख प्रशासकीय अधिकृत

महालक्ष्मी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

जितपुर, धनकुटा

कोशी प्रदेश नेपाल

**लेखा परीक्षकहरुलाई निवेदन पेश गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मितिः- २०८०।०८।११)**

प्रस्तुत विषयमा यस नगरपालिकाको नगर शिक्षा समितिको मितिः-२०८०।०८।१० गतेको वैठकको निर्णय अनुसार यस नगरपालिका भित्र संचालनमा रहेका सामुदायीक विद्यालयहरु तथा सामुदायिक अध्ययन केन्द्रहरुको आर्थिक वर्ष २०७९/०८० को अन्तिम लेखापरीक्षण कार्यको लागी योग्यता पुगेका ईच्छुक दर्तावाला लेखापरीक्षक / सि.ए. हरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मितिः-२०८०/०८/२५) गते भित्रमा तपसिल बमोजिमका कागजातहरु संलग्न राखी महालक्ष्मी नगरपालिकाको कार्यालय शिक्षा युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नहुन सम्बन्धित सवैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः-

- संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- आ.व. २०७९/०८० को संस्था नविकरणको प्रमाणित प्रतिलिपि ।
- आ.व.२०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणति प्रतिलिपि ।
- स्थायी लेखा नम्वर प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- मूल्य अभिवृद्धि करमा दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- दर्तावाला लेखापरीक्षक सम्वन्धि भएका अन्य कागजातहरु ।

बोधार्थः

श्री सूचना प्रविधि शाखाः पत्र web site मा अपलोड गरिदिनुहुन ।

.............................................

निलकण्ठ विश्वकर्मा

प्रमुख प्रशासकीय अधिकृत

निलकण्ठ विश्वकर्मा

प्रमुख प्रशासकीय अधिकृत